# जैविक आपत्कालीन स्थिति

## Biological Emergencies

A biological emergency occurs when germs are released during an accident or attack. Germs can be sprayed into the air or released in food or drinking water. These germs must be inhaled, absorbed through the skin or eaten to make people sick. Some germs can also be spread from person to person.

A biological emergency may not be noticed until health care workers find a pattern of illness. If so, local or state officials will let you know what signs to look for in reports on the television, radio, social media and Internet.

During this type of emergency, you may not know if you were exposed to these germs, but it is important to stay calm and watch for signs. Signs depend on the type of germ but may include trouble breathing and signs of the flu. Do not assume that any illness is the result of the accident or attack. If you feel sick, call your doctor right away or go to the hospital.

जैविक आपत्कालीन स्थिति त्यतिबेला उत्पन्न हुन्छ जब जीवाणुहरू दुर्घटनावश फैलन्छन् वा हमलाको बेलामा छोडिन्छन्। जीवाणुहरू हावामा छरिन सकिन्छ वा खाने अथवा पिउने पानीमा मिसाइन सकिन्छ। यी जीवाणुहरू सासमार्फत शरीरमा प्रवेश गर्छ, छालामार्फत सोसिन्छ वा खुवाएर मानिसहरूलाई बिरामी बनाइन्छ। केही जीवाणुहरू व्यक्तिबाट व्यक्तिमा सर्न पनि सक्छ।

एक आपत्कालीन स्थितिको बारेमा त्यतिबेलासम्म थाहा पाउन सकिँदैन जबसम्म स्वास्थ्य सेवा कर्मीहरूले बिमारीको स्वरूपको बारेमा पत्तो लगाउँदैनन्। यस्तो भएको स्थितिमा स्थानीय वा राज्य अधिकारीहरूले टेलिभिजन, रेडियो,सामाजिक सञ्जाल र इन्टरनेटमा रिपोर्टहरूमा कस्ता लक्षणहरू हेर्ने हो भन्ने जानकारी दिनेछन्।

यसप्रकारको आपत्कालीन स्थितिको बेलामा, तपाईं ती जीवाणुहरूको संसर्गमा आउनुभएको जानकारी तपाईंलाई नहुन सक्छ, तर शान्त रहनु र लक्षणहरूमाथि नजर राख्न जरुरी हुन्छ। लक्षणहरू जीवाणुको प्रकारमाथि निर्भर गर्दछ तर त्यसमा सास फेर्नमा कठिनाइ र फ्लू अर्थात् रुगाखोकीका लक्षणहरू हुन सक्छन्। कुनैपनि बिमारी दुर्घटना वा हमलाको परिणाम हो भन्ने नठान्नुहोस्। तपाईं बिरामी महसुस गर्नुहुन्छ भने तुरुन्तै आफ्ना डक्टरलाई फोन गर्नुहोस् वा अस्पताल जानुहोस्।

### During a Biological Emergency

**Listen for reports on the television, radio, social media or Internet.**

- Local or state officials will tell you what signs to look for.
- Officials will tell you whether to stay inside or leave your home and if so, where to go.

### जैविक आपत्कालीन स्थितिमा

**टेलिभिजन, रेडियो, सामाजिक सञ्जाल वा इन्टरनेटमा खबरहरू सुन्नुहोस्।**

- स्थानीय वा राज्य अधिकारीहरूले कस्ता लक्षणहरूमाथि नजर राख्न पर्छ भनी तपाईंलाई बताउनेछन्।
- तपाईंहरू घरभित्रै बस्नु पर्छ वा घरबाट निस्कनु पर्छ र त्यस्तो स्थितिमा कहाँ जाने हो भनी अधिकारीहरूले तपाईंलाई बताउनेछन्।

**If you see or suspect a release of an unknown substance:**

1. Leave the area right away.
2. Cover your mouth and nose with fabric to filter the air but still allow breathing.
3. Take off your clothes and put them in a plastic bag. Seal the bag tightly.
4. Take a shower or wash your skin and hair well with soap and water.
5. Put on clean clothes.
6. Seek medical care.
7. Call the police if they are not aware of the biological emergency. They will take steps to help people avoid getting sick.

**तपाईंले कुनै अज्ञात वस्तु देखेको वा छोडिएको देख्नभएको खण्डमाः**

1. त्यो ठाउँबाट तुरुन्तै निस्कनुहोस्।
2. आफ्नो मुख र नाकलाई लुगाले छोप्नुहोस् जसबाट हावा फिल्टर होस्, तर सास फेर्न सकियोस्।
3. आफ्ना लुगाहरू फुकाल्नुहोस् र तिनलाई प्लास्टिकको ब्यागमा राख्नहोस्। ब्यागलाई राम्ररी बन्द गर्नुहोस्।
4. नुहाउनुहोस् वा आफ्ना छाला र केशलाई साबुन र पानीले राम्ररी पखाल्नुहोस्।
5. सफ्फा लुगाहरू लगाउनुहोस्।
6. चिकित्सा सेवा हासिल गर्नुहोस्।
7. जैविक आपत्कालीन स्थितिको बारेमा प्रहरीलाई थाहा छैन भने प्रहरीलाई फोन गर्नुहोस्। उनीहरूले मानिसहरूलाई बिरामी हुनबाट रोक्नमा मद्दतका लागि पाइलाहरू सार्नेछन्।

© 2007 - September 24, 2019, Health Information Translations.

Content developed through a partnership of the Central Ohio Trauma System, the Columbus Medical Association Foundation, Columbus Public Health, Franklin County Board of Health, Mount Carmel Health, Ohio State University Medical Center and OhioHealth, Columbus, Ohio. Available for use as a public service without copyright restrictions at www.healthinfotranslations.org.